# वीरगन्ज बजारमा छापा मार्दा सशस्त्र प्रहरीमाथि आक्रमण

## ३ जना घाइते, २ वटा गाडीमा क्षति

■ केदार मगर

पर्सा । वीरगन्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले वीरगन्जस्थित अवैध गोदाममा छापा मार्ने क्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट ३ जना सशस्त्र प्रहरी घाइते भएका छन् । स्थानीय व्यापारी समूहको आक्रमणबाट सशस्त्र प्रहरीका २ वटा सवारीसाधनमा पनि क्षति पुगेको छ । संयुक्त टोलीले भन्सार छली गरेर समान भित्र्याएको आशंकामा आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा राखिएको कपडा बरामद गर्ने क्रममा झडप भएको हो । सशस्त्र प्रहरी बल नेपालका सहायक प्रवक्ता शैलेन्द्र थापाले संयुक्त टोलीले सोमबार बिहान गोदाममा छापा मारेर अवैध रूपमा भण्डार गरी राखेको ७ लाख रुपैयाँ मूल्य बढीको कपडा बरामद भएको जानकारी दिए । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षत्रीले स्थानीय व्यापारी समूहको आक्रमणबाट सशस्त्र प्रहरी बल नेपालको एउटा वानटन र एउटा स्कार्पियो गाडीमा समेत क्षति पुगेको बताए । 'भन्सार कार्यालय र सशस्त्र प्रहरीको टोलीमाथि स्थानीय व्यापारीले ढुंगामुढा हानेर अवरोध गर्न खोजेका थिए,' उनले भने, 'स्थानीय व्यापारीले ढुंगा तथा लाठीको प्रयोग गरी सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए । आक्रमणमा परी सशस्त्र प्रहरीका सहायक निरीक्षकको एउटा मोबाइल स्थानीय व्यापारीले खोसेर लगेका छन् ।' गणपति क्षत्रीले सशस्त्र प्रहरीमाथि आक्रमण गर्नेहरूको खोजी कार्य तीव्र पारिएको जानकारी दिए ।

पछिल्लो समय पर्सामा राजस्व चुहावट तथा भन्सार छली भएको आशंकामा भन्सार तथा सशस्त्र प्रहरीले छापा मार्दा प्रहरीमाथि आक्रमण हुने गरेका छन् । वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले भन्सार तथा सशस्त्र प्रहरीले पूर्ण सूचनाका आधारमा छापा मारेको खण्डमा अहिले देखिएको समस्या हल गर्न सकिने बताए । 'सरकारी निकायलाई कोहीबाट गोप्य सूचना आएपछि पूर्ण रूपमा सूचनालाई पुष्ट्याइँ गर्ने आधार भएपछि मात्रै छापा मार्दा अहिले प्रहरी प्रशासनमाथि हुने गरेको आक्रमण हुँदैनथ्यो,' उनले भने, 'व्यापारीहरूले पनि राज्यका निकायले अनुगमन तथा निरीक्षण गर्न आउँदा र छानबिन गर्न खोज्दा ढुंगामुढा गरेर आक्रमण पनि गर्नु हुँदैन । राज्यका संयन्त्रलाई कमजोर बनाउने प्रयास पनि गर्नु हुँदैन ।'

सशस्त्र प्रहरी बलका अनुसार गोदामका सञ्चालक मदनप्रसाद गुप्ताले अबैध रूपमा वीरगन्जबाट पोखरा पठाउन लागेको ७१ लाख रुपैयाँ बराबरको हार्डवेयरको सामान बोकेको ट्रक सशस्त्र प्रहरीले २५ माघ आइतबार नियन्त्रणमा लिएको थियो । ना ३ ख ५०५२ नम्बरको ट्रकमा भिसिटिएस बिलबिनाको सामान सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म वीरगन्जले वीरगन्ज महानगरपालिका-१४ स्थित पिपराचोकबाट नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राति नै राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो । सोही आधारमा उनले सञ्चालन गरेको अबैध गोदाममा समेत भन्सार छलीको सामान रहेको सूचनाको आधारमा २६ गते बिहान छापा हानिएको हो । छापा मार्ने क्रममा तस्कर समूहले सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए । प्रहरीले १२ लाख ७२ हजार मूल्य बराबरको कुर्ता सुरुवाल बरामद गरी आबश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक एवं सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

# Mayadevi Rural Municipality
## Office of the Rural Municipal Executive
**Barewa, Rupandehi**

## Invitation for Online Bids

**Date of publication: 2026-02-10**

1. Mayadevi Rural Municipality, Barewa, Rupandehi invites online bids Under E-Procurement system to the bidders for the works and goods of following items Under SQ Bidding procedure:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security amount NRs | Estimated amount with VAT NRs. | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1. | 01/MRMUN/SQ/ GOODS/2082-083 | Supply and delivery of stationery item at Mayadevi RM | 33,000.00 | 1318700.96 | 75 Days | 1,000.00 |
| 2 | 03/MRMUN/SQ/ WORKS/2082-083 | Wada Istariye Sadak Ist-tarwonnati at Mayadevi Rm Ward no 4 | 43,000.00 | 1699367.07 | 75 Days | 1,000.00 |

2. Date of purchasing submission and opening of bids:

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2026-02-25 at 12:00 | 2026-02-25 at 13:00 | **Bank Name:** Prime Bank Limited, Bethari, Rupandehi **Account Name:** Internal Revenue Account (A/C No: 06401000000015700119 |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Mayadevi Rural Municipality at www.mayadevimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

स्थानीय सरकार
# मैवाखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ
स्था: २०७३

## बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति:२०८२/१०/२७**

यस कार्यालयबाट स्वीकृत निम्न आयोजनाको मिति २०८२।०९।१७ गते प्रकाशित सूचना अनुसार यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताहरुको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई वोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृति सम्बन्धी ७ (सात) दिनको आशयको सूचना सम्बन्धित सबैमा जानकारीका लागि प्रकाशित गरिएको छ ।

**निम्न:**

| क्र.स. | आयोजनाको नाम | छनौट भएका निर्माण व्यवसायीको नाम ठेगाना | न्यूनतम सारभूतरुपमा प्रभावग्राही कवोल अङ्क रु. ( मु.अ.क.र पि.एस सहित) |
|---|---|---|---|
| १ | Himalayan Aa.Wi. Ko 4 Kothe Bhawan Nirman (M/WORKS/NCB/E/082/83/07 ) | श्री दोभान भ्याली निर्माण सेवा, आठराई त्रिबेणी-५,ताप्लेजुङ | ७८,१४,३६६।११ |

**प्रमुख प्रशासकीय अधिकृत**

# सरुमारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२।१०।२७**

यस कार्यालयबाट मिति २०८२/९/१ गते प्रकाशित बोलपत्र सूचना नं SRM/NCB/Goods–02/2082/083 अनुसार निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उप-दफा १ अनुसार स्वीकृत गर्न छनौट गरिएको हुदा सोहि दफाको उप-दफा (२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा अन्य बोलपत्रदाताहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि.नं. | खरिद नं | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक (मु.अ.क सहित) रू. |
|---|---|---|---|---|
| 1. | SRM/NCB/ Goods-02/2082/083 | Procurement of Medecine for Adharbhut Tatha Aakasmik Swasthe Sewa | Gosaikunda Medicine Suppliers Pvt.Ltd. | 6,65,391.01 |

**प्रमुख प्रशासकीय अधिकृत**

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८२/१०/२७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय तेमाल, काभ्रेबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/०२/०२ को नागरिक दैनिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सुचना साथै मिति वि.सं. २०८१/०८/०७ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सुचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय तेमाल, काभ्रेमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स महिला उद्यमशिलता कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : अन्जु परियार
बाबु : टिका बहादुर नेपाली
ससुरा : चक्के परियार
पति : बिमल परियार
ठेगाना : कानपुर गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ३०३०१०/१३१
जारी मिति : २०६३/११/१४
जि.प्र.का. : काभ्रेपलाञ्चोक

**जमानीकर्ताहरुको नाम र ठेगाना:**

१. नाम : बिमल परियार
बाबु : चक्के परियार
पत्नी : अन्जु परियार र गंगा पियासी
बाजे : काले परियार
ठेगाना : कानपुर कालापानी गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ८४०७७
जारी मिति : २०५६/०२/२७ (प्रतिलिपी: २०७१/०६/२३
जि.प्र.का. : काभ्रेपलाञ्चोक

२. नाम : गंगा पियासी
बाबु : बाबुराम पियासी
ससुरा : चक्के परियार
पति : बिमल परियार
ठेगाना : देवदह गा.बि.स.-६, रुपन्देही
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : २३४६
जारी मिति : २०५२/०८/२५
जि.प्र.का. : रुपन्देही

३. नाम : चक्के परियार
बाबु : काले परियार
पत्नी : ज्ञानी परियार
बाजे : गम्बिर परियार
ठेगाना : कानपुर गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ४९४
जारी मिति : २०४४/११/१८
जि.प्र.का. : काभ्रेपलाञ्चोक

४. नाम : ज्ञानी परियार
बाबु : शिव परियार
ससुरा : काले परियार
पति : चक्के परियार
ठेगाना : कानपुर गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ४९०
मिति : २०४४/११/१७
जि.प्र.का. : काभ्रेपलाञ्चोक

**२. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक कर्जा**

**ऋणीको नाम र ठेगाना**
१. नाम : बिमल परियार
बाबु : चक्के परियार
पत्नी : अन्जु परियार र गंगा पियासी
बाजे : काले परियार
ठेगाना : कानपुर कालापानी गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ८४०७७
जारी मिति : २०५६/०२/२७ (प्रतिलिपी: २०७१/०६/२३
जि.प्र.का. : काभ्रेपलाञ्चोक

**जमानीकर्ताहरुको नाम र ठेगाना:**

१. नाम : अन्जु परियार
बाबु : टिका बहादुर नेपाली
ससुरा : चक्के परियार
पति : बिमल परियार
ठेगाना : कानपुर गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ३०३०१०/१३१
जारी मिति : २०६३/११/१४
जि.प्र.का. : काभ्रेपलाञ्चोक

२. नाम : गंगा पियासी
बाबु : बाबुराम पियासी
ससुरा : चक्के परियार
पति : बिमल परियार
ठेगाना : देवदह गा.बि.स.-६, रुपन्देही
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : २३४६
जारी मिति : २०५२/०८/२५
जि.प्र.का. : रुपन्देही

३. नाम : चक्के परियार
बाबु : काले परियार
पत्नी : ज्ञानी परियार
बाजे : गम्बिर परियार
ठेगाना : कानपुर गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ४९४
जारी मिति : २०४४/११/१८
जि.प्र.का. : काभ्रेपलाञ्चोक

४. नाम : ज्ञानी परियार
बाबु : शिव परियार
ससुरा : काले परियार
पति : चक्के परियार
ठेगाना : कानपुर गा.वि.स.-१, काभ्रे
हाल : नमोबुद्ध न.पा.- ४,काभ्रे
ना.प्र.नं. : ४९०
मिति : २०४४/११/१७
जि.प्र.का. : काभ्रेपलाञ्चोक

**माथि उल्लेखित दुवै ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:**

**धितो सुरक्षण धनीको नाम:- बिमल परियार**

| जिल्ला | न.पा./गा.पा. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| काभ्रे | मेथिनकोट हाल: नमोबुद्ध ४,काभ्रे | २/२क | ९९० | ०-२-०-१ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय, तेमाल,काभ्रेमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/११/१३, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय,तेमाल, काभ्रे ।**

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL